नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## (वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:
cdms.mofaga@gmail.com

प.सं.:-वा.त.वि.व्य.शा./०७६/०७७
च.नं.:- ४३६

मितिः २०७६/१२/०९

विषयः **COVID-19 सम्बन्धी कार्ययोजना कार्यान्वयन सम्बन्धमा ।**

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू,
स्थानीय तहहरु (सबै) ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (**COVID 19**) को रोकथाम तथा नियन्त्रणको लागि गठित उच्चस्तरीय समन्वय समितीको निर्णयानुसार तयार भएको रोकथाम तथा नियन्त्रण कार्यान्वयन कार्ययोजनाको सन्दर्भमा देहायको कार्यहरुको व्यवस्थाका अलावा यसैसाथ संलग्न कार्ययोजना अनुरुपका तहाँसंग सम्बन्धित अन्य विषयहरु समेत कार्यान्वयन गरी सो को प्रतिवेदन यस मन्त्रालयलाई निरन्तर गर्नुहुन आदेशानुसार अनुरोध छ ।

देहायः

१. **प्रत्येक वडा कार्यालय मार्फत विदेशबाट फर्किएका व्यक्तिहरुको विवरण अद्यावधिक गरी आवश्यक रेखदेख तथा निगरानी गर्ने र सो को संख्यात्मक विवरण दैनिक रुपमा मन्त्रालयमा प्रतिवेदन गर्ने ।**
२. सामाजिक, साँस्कृतिक कार्यहरूको लागि मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च, पार्टी प्यालेस लगायतका सार्वजनिक स्थलहरुमा २५ जना भन्दा बढी व्यक्ति भेला नहुने ।
३. सिनेमा हल, साँस्कृतिक केन्द्रहरु, रंगशाला, खेलस्थान, जिम, हेल्थ क्लब, म्यूजियम, स्विमिङ्ग पुल, मनोरञ्जन स्थल, डान्सबार, क्लबलाई चैत्र मसान्तसम्म बन्द गराउने ।
४. सार्वजनिक यातायातको साधनहरुमा सिट क्षमता भन्दा बढी ओसार पसार गरे नगरेको अनुगमन गर्ने तथा सिट क्षमता भन्दा बढी यात्रु ओसार पसार गर्न नदिने ।
५. मानिसहरुको जमघट हुने सार्वजनिक स्थलहरुमा दैनिकरुपमा **Disinfection** एवं सरसफाई गराउने ।
६. कार्यालयको भवन तथा परिसरको नियमित रूपमा सरसफाई गर्ने तथा कार्यालय प्रवेशद्वारमा अनिवार्यरुपमा सेनिटाईजर वा साबुन पानीले हात धुने व्यवस्था मिलाउने ।

(ऋषिराज आचार्य)
उप-सचिव

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाण्डौं ।
श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री जिल्ला समन्वय समितीको कार्यालयहरु, सबै (आवश्यक समन्वय तथा अनुगमनको लागि),
श्री सूचना तथा प्रविधी शाखा, (पत्र वेभसाईटमा अपलोड गरिदिनुहुन) ।

| सि. नं. | मुख्य कार्य | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय | अनुगमन | प्रतिवेदन पेश गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | COVID-19 संक्रमित विरामीहरुको सरकारी, सामुदायिक तथा निजी अस्पतालहरुबाट उपचारको व्यवस्था मिलाउने । | • सरकारी अस्पतालका Isolation Ward तथा ICU Bed व्यवस्थापन<br>• निजी तथा सामुदायिक अस्पतालहरुमा Isolation Ward तथा ICU Bed व्यवस्थापन<br>• स्वास्थ्यकर्मी, स्वास्थ्य उपकरण तथा औषधीको व्यवस्थापन | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | • नेपाल सरकार मन्त्रिपरिषद्<br>• अर्थ मन्त्रालय<br>• उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | तत्काल | • गृह मन्त्रालय<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | प्र. म तथा म. प. कार्यालय | |
| २. | सिनेमा हल, सांस्कृतिक केन्द्रहरु, रंगशाला, खेलस्थल, जिम, हेल्थ क्लव, म्यूजियम, स्वीमिङ्ग पुल, मनोरञ्जनस्थल, डान्सबार तथा क्लवलाई चैत मसान्तसम्म बन्द गर्ने । | • विवरण संकलन, स्थान को पहिचान गर्ने<br>• बन्द गर्ने आदेश दिने | • संचार तथा सूचना प्रविधि मन्त्रालय<br>• संस्कृति, पर्यटन तथा नागरिक | • गृह मन्त्रालय<br>• प्रदेश सरकार<br>• स्थानीय तह | तत्काल | • गृह मन्त्रालय<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | प्र. म तथा म. प. कार्यालय | |

| सि. नं. | मुख्य कार्य | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय | अनुगमन | प्रतिवेदन पेश गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | उड्डयन मन्त्रालय<br>• युवा तथा खेलकुद मन्त्रालय | | | | | |
| ३. | सामाजिक, सांस्कृतिक र त्यस्तै कार्यहरुमा मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च, पार्टी प्यालेस जस्ता सार्वजानिक स्थलहरुमा २५ जना भन्दा बढी भेला नहुने । | • | • संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>• युवा तथा खेलकुद मन्त्रालय | • गृह मन्त्रालय<br>• प्रदेश सरकार<br>• स्थानीय तह | तत्काल | • गृह मन्त्रालय<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | प्र. म तथा म. प. कार्यालय | |
| ४. | सार्वजनिक यातायातको साधनहरुमा सिट क्षमता भन्दा बढी यात्रु ओसार-पसार नगर्ने, नगराउने ।<br>नागरिकहरुले भीडभाड गरी यात्रा नगर्ने । | • | • भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय | • गृह मन्त्रालय<br>• नेपाल प्रहरी<br>• यातायात व्यवस्था विभाग | तत्काल | • गृह मन्त्रालय<br>• प्रदेश सरकार<br>• स्थानीय तह | प्र. म तथा म. प. कार्यालय | |

| सि. नं. | मुख्य कार्य | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय | अनुगमन | प्रतिवेदन पेश गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ५. | सार्वजनिक यातायातका साधनलाई सवारी चलाउनु अघि Disinfection गर्ने । | • | • भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय<br>• गृह मन्त्रालय | • यातायात व्यवस्था विभाग<br>• नेपाल प्रहरी | तत्काल | • गृह मन्त्रालय<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• प्रदेश सरकार<br>• स्थानीय तह | प्र. म तथा म. प. कार्यालय | |
| ६. | मानिसहरुको जमघट हुने सार्वजनिक स्थलहरुमा दैनिकरुपमा Disinfection एवं सरसफाई गराउने । | • | • स्थानीय तह | • गृह मन्त्रालय<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | तत्काल | • गृह मन्त्रालय<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• प्रदेश सरकार | प्र. म तथा म. प. कार्यालय | |
| ७. | • बजारमा उपभोग्य सामग्रीहरुको कृत्रिम अभाव सिर्जना गर्ने, जम्माखोरी, कालोबजारी तथा मिसावट गर्नेलाई कडा कारवाही | • | • गृह मन्त्रालय<br>• उद्योग, वाणिज्य | • जिल्ला प्रशासन कार्यालय<br>• नेपाल प्रहरी | तत्काल | • गृह मन्त्रालय | प्र. म तथा म. प. कार्यालय | |

| सि. नं. | मुख्य कार्य | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय | अनुगमन | प्रतिवेदन पेश गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | गर्ने ।<br>• दैनिक उपभोग्य सामग्रीहरुको खरिद तथा अनावश्यक सञ्चय गर्न नदिने । | | तथा आपूर्ति मन्त्रालय | | | | | |
| ८. | आगमनमा लगाएको प्रतिबन्धको कारणले आफ्नो मुलुक फिर्ता जान नसकेको विदेशी नागरिकहरुको भिसा अवधि थप तथा नियमित गरिदिने । | • | • गृह मन्त्रालय | • परराष्ट्र मन्त्रालय | तत्काल | • गृह मन्त्रालय<br>• परराष्ट्र मन्त्रालय | प्र. म तथा म. प. कार्यालय | |
| ९. | • युरोप, पश्चिम एसिया तथा खाडी क्षेत्रका सबै मुलुकहरु एवं टर्की, मलेसिया, दक्षिण कोरिया, जापानबाट सिधा उडान भई आउने, ती मुलुकलाई ट्रान्जिट बनाइ आउने तथा उल्लेखित मुलुकहरुबाट प्रथम यात्रा शुरु गरी अन्य जुनसुकै मुलुकलाई ट्रान्जिट बनाइ आउने सबै यात्रुहरुलाई चैत ३० गतेसम्म आवागमनमा प्रतिबन्ध लगाउने । | • | • गृह मन्त्रालय<br>• संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>• परराष्ट्र मन्त्रालय | • अध्यागमन विभाग<br>• विदेशस्थित नेपाली राजदुतावासहरु | तत्काल | • प्रधानमन्त्री तथा मन्त्रिपरिषद्क ो कार्यालय<br>• | • प्रधानमन्त्री तथा मन्त्रिपरिष द्को कार्यालय | |

| सि. नं. | मुख्य कार्य | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय | अनुगमन | प्रतिवेदन पेश गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | • यस सम्बन्धी सूचना विदेशस्थित नेपाली कुटनैतिक नियोगहरु, नेपालस्थित विदेशी नियोगहरु र नेपालमा उडान भर्ने वायुसेवा कम्पनीहरुलाई दिने । | | | | | | | |
| १०. | नेपाल सरकारद्धारा निश्चित अवधि तोकि Travel Advisory गरेको कारणबाट कुनै यात्रुले उक्त अवधिभित्रको यात्रा स्थगन गरेको वा वायुसेवा निगमले आफै उडान रद्ध गरेको अवस्थामा हवाई टिकट रद्ध गर्दा वा यात्रा मिति परिवर्तन गर्दा कुनै शुल्क नलिन र हवाई टिकट रद्ध गर्दा पुरै रकम फिर्ता गर्न वायुसेवा कम्पनीलाई निर्देशन दिने। | • | • संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | तत्काल | • परराष्ट्र मन्त्रालय | प्र. म तथा म. प. कार्यालय | |
| ११. | २०७६ चैत ६ गतेबाट संचालन हुने SEE, हाल संचालनमा रहेका तथा आगामी दिनमा हुने गरी | • | • शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | • गृह मन्त्रालय<br>• राष्ट्रिय परीक्षा बोर्ड<br>• विश्वविद्यालयहरु | तत्काल | • गृह मन्त्रालय<br>• संघीय मामिला तथा सामान्य | प्र. म तथा म. प. कार्यालय | |

| सि. नं. | मुख्य कार्य | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय | अनुगमन | प्रतिवेदन पेश गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | निर्धारण गरिएका CTEVTE र विश्वविद्यालय तहका सम्पूर्ण परीक्षाहरु अर्को सूचना नभएसम्म स्थगित गर्ने । | | | | | प्रशासन मन्त्रालय | | |
| १२. | सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट संचालित सबै प्रकारका बालविकास केन्द्रहरु, आधारभुत तथा माध्यमिक विद्यालयहरु, शैक्षिक प्रतिष्ठानहरु र विश्वविद्यालयहरुको पठनपाठन २०७६ चैत्र मसान्तसम्म बन्द गर्ने । | • | • शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | • गृह मन्त्रालय<br>• राष्ट्रिय परीक्षा बोर्ड<br>• विश्वविद्यालयहरु | तत्काल | • गृह मन्त्रालय<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• प्रदेश | प्र. म तथा म. प. कार्यालय | |
| १३. | • सरकारी, सामुदायिक र निजी क्षेत्रका तालिम केन्द्र तथा प्रतिष्ठानहरु एवं निजी क्षेत्रका शैक्षिक परामर्श केन्द्रहरुबाट संचालित कार्यक्रमहरु २०७६ चैत्र मसान्तसम्मको लागि बन्द गर्ने ।<br>• अन्तरार्ष्ट्रिय तथा गैरसरकारी संस्थाहरुबाट संचालन हुने सबै प्रकारका तालिम, सेमिनार, गोष्ठी, | • | • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | • गृह मन्त्रालय<br>• निजी क्षेत्र<br>• समाजकल्याण परिषद् | तत्काल | • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• स्थानीय तह | प्र. म तथा म. प. कार्यालय | |

| सि. नं. | मुख्य कार्य | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय | अनुगमन | प्रतिवेदन पेश गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | सभा,सम्मेलन जस्ता कार्यक्रम चैत्र मसान्तसम्म बन्द गर्ने । | | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | | | | | |
| १४. | • होटल, मोटेल, रिसोर्ट, लज, रेष्टुरेन्ट, बार तथा सपिङ्ग मलमा ज्वरो मापन गर्ने उपकरण तथा सामग्रीको व्यवस्था गरी उक्त स्थानहरुमा प्रवेश गर्ने व्यक्तिहरुको स्वास्थ्य जाँच गर्ने ।<br>• हात सफा गर्ने सेनिटाईजर लगायत सफाईका सामग्रीको प्रवन्ध गरी कार्यस्थल, शौचालय आदि स्थान र टेबल, कुर्सी, बार, रेलिङ्ग नियमित रुपमा Disinfection गर्ने । | • | • संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>• उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | • गृह मन्त्रालय<br>• नेपाल उद्योग वाणिज्य महासंघ,<br>• होटल एसोसिएशन अफ नेपाल | तत्काल | • गृह मन्त्रालय<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• प्रदेश सरकार | प्र. म तथा म. प. कार्यालय | |
| १५. | सर्वसाधारण नागरिकमा भ्रम सिर्जना गर्ने वा त्रास फैलाउने गरी कुनै पनि संचार माध्यम (सामाजिक संजाल | • | • संचार तथा सूचना प्रविधि मन्त्रालय | • गृह मन्त्रालय<br>• नेपाल प्रहरी | तत्काल | • गृह मन्त्रालय | प्र. म तथा म. प. कार्यालय | |

| सि. नं. | मुख्य कार्य | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय | अनुगमन | प्रतिवेदन पेश गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | समेत) बाट भ्रामक एवं आधारहीन अभिव्यक्ति दिएमा प्रचलित कानून बमोजिम कडा कारवाही गर्ने । | | | | | | | |
| १६. | • सार्वजनिक सेवा प्रवाह गर्ने सबै सरकारी, निजी तथा गैरसरकारी संस्थाहरुले आफ्नो कार्यालयको भवन तथा परिसरको नियमित सरसफाई गर्ने ।<br>• कार्यालय प्रवेशद्धारमा अनिवार्य सेनिटाईजरको व्यवस्था गर्ने । | • | • गृह मन्त्रालय<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | • सम्बन्धित सरकारी, निजी तथा गैरसरकारी कार्यालहरु सबै | तत्काल | • प्रदेश सरकार<br>• स्थानीय तह | प्र. म तथा म. प. कार्यालय | |
| १७. | स्थलमार्गबाट प्रवेश गर्ने सबै यात्रुहरुलाई Health Declaration Form अनिवार्य रुपमा भर्न लगाई स्वास्थ्य जाँचको कार्यलाई थप कडाई गर्ने । | • | • संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | • स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>• नेपाल नागरिक उड्डयन प्राधिकरण | तत्काल | • गृह मन्त्रालय<br>• संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | प्र. म तथा म. प. कार्यालय | |